**मनाङ ङिस्याङ गाउँपालिकाका उपाध्यक्ष श्री मेङ्खु गुरुङद्धारा मिति २०७७ असार १० गते गाउँसभामा प्रस्तुत**

**मनाङ ङिस्याङ गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को वार्षिक आय व्याय विवरण (वजेट)**

यस गरिमामय गाउँसभाका सभाध्यक्ष महोदय,
गाउँसभाका सवै सदस्य ज्यूहरु,
विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्यूहरु,
विभिन्न आमन्त्रित अतिथि ज्यूहरु,
कर्मचारी मित्रहरु,
उपस्थित सम्पूर्ण भद्र महिला तथा सज्जनवृन्द ।

सर्वप्रथम म संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि प्राण आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुको स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

अध्यक्ष महोदय, मनाङ ङिस्याङ  गाउँपालिकाको आगामी आर्थिक वर्ष ०७७/०७८ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने यस सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, विभिन्न कार्यालयका कार्यालय प्रमुख ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा मनाङ ङिस्याङ गाउँपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु ।

कोभिड १९ को महामारीका कारण मानव जातिमाथि शताब्दीकै सबैभन्दा ठूलो संकट पैदा भएको छ । यस महामारीबाट संक्रमित भइ जीवन गुमाउनुहुने नागरिकका शोकाकूल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै उपचाररत सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । संक्रमण फैलिन नदिन र यस महामारीमाथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता समन्वय र एकता आवश्यक भएकोले एकजुट भएर मन, वचन र कर्मले लाग्न म सबै क्षेत्रलाई अपिल गर्दछु । यस गाउँपालिकामा संक्रमण रोकथामका लागि सजगता अपनाउन यस गाउँपालिकालाई सहयोग गर्नुहुने सबैमा हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, दीगो विकासका लक्ष्य, नेपाल सरकार तथा प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकार तथा प्रदेश सरकारका अन्य कानुनहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, मनाङ ङिस्याङ गाउँपालिकाको नीति तथा कार्यक्रम र कार्यपालिकाका सदस्यहरुबाट प्राप्त सुझाव र राजनीतिक दल एवं सरोकारवालाहरुको रायसुझाव समेतलाई आधार मानेको छु ।

सभाध्यक्ष महोदय, यस गाउँपालिकाको वृहत्तर हितलाई सर्वोपरी ठानी सीमित स्रोत र साधनको अधिकतम उपयोग गरी यस मनाङ ङिस्याङ गाउँपालिकाको सर्वाङ्गीण र सन्तुलित विकास गर्ने मूल

उद्देश्यका साथ सर्वपक्षीय सहभागितामा तयार गरिएको यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम यस गरीमामय गाउँसभामा गाउँपालिकाको उपाध्यक्षको हैसियतले प्रस्तुत गर्नपाउँदा म आँफुलाई गौरवान्वित ठानेको छु ।

सभाध्यक्ष महोदय, अब म चालू आर्थिक वर्षमा मनाङ ङिस्याङ गाउँपालिकाबाट सम्पादित महत्त्वपूर्ण कामहरुको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

- कोरोना रोकथाम तथा नियन्त्रणका लागि प्रकोप व्यवस्थापन कोष खडा गरी यस कोषबाट कोभिड – १९ सँग जुध्नका लागि विभिन्न प्रकारका स्वास्थ्य सामग्री खरिद गर्नुका साथै विभिन्न वडाहरुमा विपन्न वर्गहरुलाई राहत वितरण गरियो । जिल्ला वाहिरवाट यस गाउँपालिका आउने व्यक्तिका लागि विभिन्न ठाउँमा क्वारेन्टाईनको व्यवस्था गरिएको छ ।
- कोरोना कहरको पूर्व सावधानीका लागि विभिन्न पदका स्वस्थ्यकर्मीहरु करारमा भर्ना गरी विभिन्न स्वास्थ्य चौकीहरुमा पदस्थापन गरी यसको रोकथामका लागि निरन्तर खटाइएको छ ।
- चालु आ.व. को वजेट तथा कार्यक्रम अनुसारका अधिकांश पुर्वाधार योजनाहरु सम्पन्न हुने अवस्थामा छन भने केही योजनाहरु लकडाउनका कारण ठेक्का वन्दोवस्ती प्रकृयामा व्यवधान उत्पन्न भएका कारण अन्योलमा परेका छन ।
- नेपाल सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम अन्तर्गत पिसाङ आ.वि.मा २ कोठे भवन तथा शौचालय र ङावलमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माणाधीन अवस्थामा रहेको र टंकी मनाङमा अधारभूत स्वास्थ्य सेवा केन्द्र आगामी आर्थिक वर्षबाट निर्माण कार्य अगाडि बढाइनेछ
- पर्यटन प्रवर्द्धन गर्नका लागि विभिन्न स्थानमा पर्यटकीय पूर्वाधारहरु निर्माण गरिएको छ ।
- कृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गराउने ५० प्रतिशत अनुदानमा उच्च घनत्वको स्याउको बिरुवा र अन्य कृषि सामग्री तथा विउविजन निशुल्क वितरण गरियो ।
- उच्च हिमाली जिल्ला भएकोले यहाँको प्रमुख पेशा पशुपालन (चौंरी, च्याङग्रा, भेडा आदि) रहेको छ । यसलाई थप प्रभावशाली बनाउन र पशु स्वास्थ्यलाई व्यवस्थित गर्न विभिन्न कार्यक्रमहरु सञ्चालित छन् । सोही कार्यका लागि हाल गाउँपालिकामा पशु प्राविधिकको कमी भएतापनि तीन जना पशु स्वास्थ्य प्राविधिक करारमा भर्ना गरी पशु स्वास्थ्य सेवाको व्यवस्था गरिएको छ
- स्थानीय जनताको आयआर्जनमा वृद्धि गर्नका लागि लुलु गाई संरक्षण, विद्युतीय घट्टनिर्माण तथा विभिन्न प्रकारका अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- प्रशासनिक कार्यलाई सबल र प्रभावकारी बनाउन कर्मचारीहरुलाई उत्प्रेरणा प्रदान गरी विभिन्न समयमा वैठक तथा समन्वयात्मक कार्य गरी कार्यसम्पादन गरिएको तथा प्रत्येक वडाका सवै उपभोक्ता समितिहरुलाई अभिमुखकरण तालिम प्रदान गरिएको छ ।
- विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस रोगको महामारी र बन्दाबन्दी (लकडाउन) का कारण समस्त आर्थिक गतिविधि तथा विकास निर्माणका कार्य विगत ३ महिनादेखी प्रभावित भएका छन् । जसका कारण सार्वजनिक खर्चमा संकुचन हुन गई कूल खर्च ६५ प्रतिशत अर्थात् १५ करोड ६८ लाख हुने संशोधित अनुमान छ ।

- यसैगरी आन्तरिक राजश्व परिचालन तर्फ वार्षिक अनुमानको तुलनामा ४२.८६ प्रतिशत अर्थात् १५ लाख र नेपाल सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तर्फ वार्षिक अनुमानको तुलनामा करिव ५७ प्रतिशत अर्थात् रु १ करोड ९९ लाख ५० हजार प्राप्त हुने संशोधित अनुमान छ ।

सभाध्यक्ष महोदय, अब म आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

- कोरोना भाइरस रोगको रोकथाम, नियन्त्रण र उपचारको प्रभावकारी व्यवस्थापन गर्नु,
- प्रभावित अर्थतन्त्रलाई पुर्नस्थापना र रोजगारी सृजना गर्नु
- उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गर्नु,
- प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्नु,
- सार्वजनिक खर्चमा पारदर्शिता, मीतव्ययीता, उत्तरदायित्व पालना गराउनु,
- पर्यटन पुर्वाधार, आर्थिक पुर्वाधार तथा भौतिक पूर्वाधारको विकास गर्नु,
- कृषिमा व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रिकीकरणमा जोड दिनु ।

सभाध्यक्ष महोदय ,अब म आगामी आर्थिक वर्ष २०७७७८ का लागि को  बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु

**कोरोना रोगको रोकथाम र असर न्यूनीकरण तथा क्वारेन्टाईन व्यवस्थापन**

- कोरोना भाइरस रोगको रोकथाम, नियन्त्रण तथा उपचारलाई प्रभावकारी वनाउन आवश्यक स्रोत र साधनको सुनिश्चित गरेको छु । संक्रममण जोखिम न्युनीकरणका लागि गुणस्तरीय क्वारेन्टाईन निर्माण तथा सञ्चालन, औषधी उपकरण खरिद तथा वितरणलाई विशेष ध्यान दिईएको छ । क्वारेनटाईन निर्माण तथा व्यवस्थापन, औषधि तथा स्वास्थ्य उपकरण खरिद लगायतका क्षेत्रमा रु ५० लाख विनियोजन गरेको छु ।
- जनस्वास्थ्य क्षेत्रलाई प्रभावकारी वनाउन अवलम्वन गरिएका पुर्ववत स्वास्थ्य कार्यक्रमहरुलाई निरन्तरता दिईएको छ ।
- गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाको संस्थागत सुदृढीकरणका लागि आवश्यक पर्ने वजेट विनियोजन गरेको छु ।
- स्वास्थ्य चौकी नभएका वडाहरु ङावल र टंकी मनाङमा आधरभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण गरिने छ ।

**विपद् व्यवस्थापन, राहत र पुर्नस्थापना**

- संभावित दैवि प्रकोपका लागि पुर्वतयारीका लागि आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिने छ ।

- प्राकृतिक प्रकोपवाट धनजनको क्षती हुन नदिन सचेतनाका र पुर्वसतर्कताका चेतनामुलक कृयाकलापहरु संचालन गरिने छ ।
- प्रकोपका घटनाहरु घटेमा सोको प्रतिकार्य, राहत र प्रकोप पिडितको राहत र पुर्नस्थापनका समेतका लागि प्रकोप व्यवस्थापन कोष मार्फत खर्च हुने गरी प्रकोप व्यवस्थापन कोषका लागि रु ४० लाख रुपैया विनियोजन गरिएको छ ।

## रोजगारी सृजना तथा गरिबी निवारण

- आगामी आ.व.मा यस गाउँपालिका क्षेत्रभित्र रहेका वेरोजगार जनताको तथ्यांक संकलनको कार्य सम्पन्न गरिने छ । त्यसका लागि गाउँपालिकामा रोजगार सेवा केन्द्रको स्थापना गरिने छ । गाउँपालिकामा रहेका वेरोजगार जनताको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको प्रावधान वमोजिम रोजगार सृजनाका कृयाकलापहरु संचालन गरिने छ ।
- उद्यमशिलता वृद्धि तथा दिगो रोजगार प्रवर्धनका लागि लघु उद्यमी पहिचान गरी लघु उद्यम तालिम संचालन गरिने छ । यसका लागि नेपाल सरकारवाट संचालित कार्यक्रमको गाउँपालिकाद्धारा कार्यन्वयन गरिने छ ।
- नेपाल सरकारको प्राथमिकताप्राप्त कार्यक्रमको रुपमा रहेको गरिब घर पहिचान कार्यक्रम अन्तर्गत मापदण्ड वमोजिम गरिब घर परिवार पहिचान गरी परिचय पत्र प्रदान गर्ने कार्यको सुरुआत गरिने छ ।

## भौतिक पुर्वाधार विकास तथा पर्यटन प्रवर्धन

- दिगो, नतिजामुलक तथा गुणस्तरीय पुर्वाधार विकासका लागि क्रमागत तथा ठुला योजनामा लगानीलाई प्राथमिकता दिने गाउँपालिकाको नीति वमोजिम चालु अवस्थामा रहेका सवै क्रमागत योजनाका लागि वजेट विनियोजन गरीएको छ । अपर पिसाङ पार्किङ निर्माण, पर्यटकीय स्थल ने गुफा जाने सिंढी निर्माण, भ्राका चौर संरक्षण कार्य, घट्टे खोला वाटो ढलान लगायतका क्रमागत योजनाका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
- गाउँपालिका क्षेत्रको भौतिक पुर्वाधार विकासमा दिगोपना कायम गर्नका लागि संभावना पहिचान, गुरुयोजना र विस्तृत आयोजना प्रतिवेदन तयार गरी संभावित आयोजनामा मात्र लगानी केन्द्रित गरिने छ। सो कार्यका लागि आवश्यक पर्ने वजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाको आफ्नो प्रशासकीय भवन नभएका कारण सार्वजनिका सेवा प्रवाहमा गम्भिर समस्या सृजना भएको छ। गाउँपालिकाको लागि नेपाल सरकारवाट जग्गा लिजमा लिने प्रकृया अन्तिम चरणमा पुगेको छ । आगामी वर्ष गाउँपालिकाको भवन पुर्वाधार निर्माण प्रकृया शुरु गर्नका लागि आवश्यक पर्ने वजेट विनियोजन गरेको छु। जसको कार्यन्वयनवाट आगामी आ.व. भित्रै गाउँपालिकाको आफ्नै भवन वाट कार्यालय संचालनको सुरुआत गरिने छ ।
- यस गाउँपालिकाको मुख्य पेशाको रुपमा रहेको पर्यटन क्षेत्रको दिगो विकासका लागि विशेष कार्यक्रम अगाडी सारिएको छ । पर्यटकीय पदमार्गको मर्मत, सुधार र स्तरोन्नती, वैकल्पिक

पदमार्ग निर्माण, पर्यटन पदमार्गमा पुर्वाधारको विकास, पर्यटन प्रवर्धन कार्यक्रम लगायतका कार्यका लागि आवश्यक पर्ने वजेट विनियोजन गरिएको छ । पर्यटकीय क्षेत्रहरुको पहिचान, परिचय तथा प्रचार प्रसार गराई पर्यटकको संख्यामा वृद्धि गर्नका लागि गाउँपालिकास्तरीय डकुमेन्ट्री निर्माण गर्ने कार्य आगामि आ.व.मा सम्पन्न गरी प्रचार प्रसारलाई तिव्र पारिने छ ।

**शिक्षा क्षेत्रको विकास र प्रवर्धन**

- सामुदायिक विद्यालयमध्येबाट छनौट भएका विद्यालयलाइ आदर्श विद्यालय र नमूना विद्यालयको रुपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- विद्यार्थीको सिकाइ उपलब्धीमा वृद्धि गर्न तथा विद्यालयलाई प्रोत्साहन गर्न उत्कृष्ट विद्यालय तथा उत्कृष्ट विद्यार्थी प्रोत्साहनका लागि अवश्यक रकम विनियोजन गरेको छु ।
- मन्टेश्वरीमा अध्यापन गर्ने शिक्षकलाई मन्टेश्वरी तालिमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- शिक्षा क्षेत्रलाई थप व्यवथित गर्न पालिकास्तरीय शिक्षा ऐन निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु,।
- विद्यालयको लेखा, जिन्सी तथा अभिलेख व्यवस्थापन तालिमका अतिरिक्त विद्यालयहरुमा इन्टरनेट जडान गरी आधुनिक शिक्षा प्रदान गर्न सक्षम बनाउनको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- शिक्षा क्षेत्रको विकासका लागि नेपाल सरकारको वित्तीय हस्तान्तरणका लागि विनियोजन रकमका अतिरिक्त थप रु १३ लाख वजेट विनियोजन गरेको छु ।

**कृषि तथा सहकारी क्षेत्रको विकास**

- कृषिलाई यस गाउँपालिकाको वैकल्पिक पेशा, रोजगारी तथा व्यवसायको रुपमा विकास गर्नका लागि खाश कार्यक्रमहरु अगाडी सारीएको छ ।
- कृषिमा व्यवसायीकरण, आधुनिकीकरण तथा यान्त्रिकीकरण गर्ने प्रयास स्वरुप आवश्यक पर्ने वजेट व्यवस्था गरिएको छ । व्यवसायीकरणका लागि ट्र्याक्टर, पावर ट्रिलर तथा अन्य आवश्यक उपकरणहरु अनुदानमा उपलव्ध गराईने छ
- मागको आधारमा कृषकहरुलाई विभिन्न जातका विउविजन वितरण, साना सिंचाइ मर्मत, स्थानीय तथा हाईव्रिट जातका उच्च घनत्व भएको स्याउको विरुवा अनुदानको लागि आवश्यक पर्ने वजेट व्यवस्था गरेको छु ।
- पशुपालन व्यवसाय विकासका लागि वाखा पकेट क्षेत्र, पशुस्वास्थ्य व्यवस्थापनका लागि आवश्यक औषधि तथा पशु स्वास्थ्य सामग्री खरिद, चौरी गोठहरुको स्तरोन्नतीका लागि गोठमा जस्तापाता, खानेपानी पाइप र विभिन्न स्थानम ट्रेविज निर्माण लगायतका कार्य गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

- गाउँ गाउँमा वित्तीय पहुँच वृद्धिका लागि सहकारीताको विकास र विस्तार गर्न सहकारी प्रवर्धनको नीति अगाडी सारिएको छ । सहकारी विकासका लागि आवश्यक पर्ने वजेट व्यवस्था गरेको छु ।

**सुशासन तथा प्रभावकारी सार्वजनिक सेवा**

- गाउँपालिकाको शासकीय सुधारका लागि विभिन्न कार्यक्रम संचालन गरिने छ । गाउँ कार्यपालिकामा भएका नवनियुक्त जनशक्तिको लागि सेवाप्रवेश लगायतका विभिन्न तालिम कार्यक्रमहरु र सेवारत कर्मचारीका लागि क्षमता विकास तालिमहरु संचालन गरी सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री वनाउन विशेष पहल गरिने छ । यस कार्यका लागि आवश्यक पर्ने वजेट विनियोजन गरेको छु ।
- गाउँपालिका तथा मातहतका वडा कार्यालयको संस्थागत सुदृढीकरणक लागि पर्याप्त वजेट विनियोजन गरेको छु ।
- प्रविधिमा आधिारित सार्वजनिक सेवाको प्रवर्धनका लागि कार्यपालिका तथा वडा कार्यालयहरुविच सिधा सम्पर्क कायम गर्नका लागि अन्तरकार्यालय नेटवर्किङको कार्य आरम्भ गरिने छ । यसले गर्दा वडाका कार्यालयका कृयाकलापहरु गाउँ कार्यपालिका कार्यालयवाट प्रत्यक्ष अनुगमन र नियन्त्रण गर्न सहज हुने देखिन्छ । यसका लागि आवश्यक पर्ने वजेट व्यवस्था गरेको छु ।
- गाउँपालिको आर्थिक आत्मनिर्भरताका लागि अधिकारक्षेत्रका विषयमा कर तथा गैरकर राजश्व संकलन गर्न सकिने विषयमा संभाव्यता अध्ययन गरी आन्तरिक राजश्वको दायरा वृद्धि गर्नका लागि सम्वन्धित क्षेत्रको विज्ञको सहयोगमा राजश्व संभाव्यता अध्ययन तथा राजश्व सुधार कार्ययोजना निर्माण गरिने छ ।

सभाध्यक्ष महोदय,

अब म बजेटमा उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट स्रोत अनुमान तथा विनियोजन पस्ताव प्रस्तुत गर्न चाहान्छु ।

सभाध्यक्ष महोदय, यसै गाउँसभाको अघिल्लो वैठकमा श्रदेय अध्यक्षले पेश गरी सभाले पारित गरेको नीति र कार्यक्रम र मैले माथि पेश गरेको विभिन्न क्षेत्रगत कार्यक्रम तथा योजनको कार्यन्वयनका लागि कुल रु २३ करोड ७५ लाख ३३ हजार त्रिपन्न आवश्यक पर्ने अनुमान गरिएको छ । सो खर्च अनुमान मध्ये नेपाल सरकारवाट प्राप्त वित्तीय हस्तान्तरण तर्फको चालु खर्च समेत गरी चालु खर्च तर्फ रु.१६ करोड ७५ लाख एकहत्तर हजार अर्थात ७०.५ प्रतिसत र पुँजीतग तर्फ रु.७ करोड ६२ हजार अर्थात २९.५ प्रतिसत खर्च हुने अनुमान गरेको छु । यस्ता खर्चहरुको शिर्षकहरुमा निर्दिष्ट गरी शिर्षकगत विवरण अनुसुचिमा यसै साथ पेश गरेको छु ।

यसरी विनियोजन हुने खर्च व्यहोर्नका लागि देहाए वमोजिमको स्रोतको प्राप्तिको अनुमान गरेको छु ।

नेपाल सरकार तथा प्रदेश सरकारवाट प्राप्त वित्तीय समानीकरण अनुदानवाट प्राप्त रकम रु ८ करोड १७ लाख ८१ हजार, अन्तरनिकाय वित्तीय हस्तान्तरणवाट प्राप्त हुने रकम रु. ९ करोड ७२ लाख, नेपाल सरकार तथा प्रदेश सरकारवाट राजश्व बाँडफाँड वापत प्राप्त हुने रकम रु ३ करोड ८४ लाख ५२ हजार ५३, आन्तरिक कर र गैरकर राजश्ववाट रु. ४० लाख गरी कुल रु २२ करोड १४ लाख ३३ हजार ५३ प्राप्त हुने अनुमान गरेको छु । यसरी प्राप्त हुने स्रोतसमेतवाट नपुग हुने रकम चालु आ.व. को विभिन्न शिर्षकवाट वचत हुने रकमवाट व्यहोरिने छ ।

अब म आगामी आर्थिक वर्षका लागि राजश्वका नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

- हाल गाउँपालिकाको आन्तरिक राजश्व प्राप्तीको अवस्था निकै कमजोर छ । स्थानीय स्वशासन र आर्थिक आत्मनिर्भरता वृद्धिका लागि गाउँपालिकाको अधिकारक्षेत्र भित्रका करका आधारहरु फराकिलो पार्दै आन्तरिक राजश्व वृद्धि गर्न कर तथा गैर कर राजश्वको अधिकतम परिचालन गर्ने नीति अख्तियार गरिने छ ।
- साविकमा करारोपण गरिएका करका दरहरु यथावत राखि राजश्व परामर्श समितिको सिफारिस तथा सर्वपक्षीय भेला तथा सुझाव तथा सल्लाहका आधारमा केही नयाँ कर तथा गैरकरका क्षेत्रहरु पहिचान गरी कराधार फराकिलो वनाईएको छ ।
- स्थानीय जनतालई समयमै कर वुझाउन तथा कर करले होइन रहरले तिरौं भन्ने वानीको विकास गर्न कर सचेतनाका कार्यक्रमहरु संचालन गरी कर संकलन कार्यलाई सहज सरल वनाई नागरिकमैत्री कर प्रशासनमा जोड दिईने छ ।

सभाध्यक्ष महोदय,

- कर सम्वन्धि प्रस्ताव गरिएको आर्थिक विधेयक २०७७ तथा चालु तथा पुँजीगत खर्च समेत संलग्न गरीएको विनियोजन विधेयक २०७७ यसैसाथ प्रस्तुत गरेको छु । कर सम्वन्धि प्रस्ताव २०७७ श्रावण १ देखि लागू हुने व्यवस्था मिलाएको छु ।
- कोरोना महामारीको व्यवस्थापनका लागि अतिरिक्त बजेट विनियोजन गर्नुपर्दा चालू खर्चमा वृद्धि गर्नुपर्ने वाध्यता भएको छ ।
- कोरोना महामारीको व्यवस्थापन, स्वास्थ्य क्षेत्रको सुदृढीकरण, विपद् व्यवस्थापन र कृषिक्षेत्रलाई प्राथमिकतामा राख्दा चालू आर्थिक वर्षको अनुपातमा भौतिक पूर्वाधार विकासको क्षेत्रमा भने वजेट विनियोजन कम हुन गएको छ ।

अन्तमा, मैले माथि प्रस्तुत गरेको आ.व. २०७७।७८ को वजेट तथा कार्यक्रमको सफल कार्यन्वयनवाट यस मनाङ ङिस्याङ गाउँपालिकाले आगामी आर्थिक वर्षमा शासकीय पद्धती र विकासको मार्गमा नयाँ दिशा र गति लिनेछ भन्ने अपेक्षा गर्दै यसको सफल कार्यन्यनमा सहयोग गरिदिनुहुन म सवै पक्षसँग हार्दिक अनुरोध गर्दछु । यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिकाका श्रदेय अध्यक्ष, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूहरु

वडा अध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी समाजसेवी, नागरिक समाज लगायत सबै पक्षको सुझाव, सल्लाह र सहयोगप्रति हार्दिक आभार व्यक्त गर्दछु । बजेटको तयारीको क्रममा अहोरात्र खटिनुहुने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सबै कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु र यो वजेटको कार्यान्वयनमा सबै सरोकारवालाहरुको सहयोग हुने विश्वास लिएको छु ।

धन्यवाद ।

मेङखु गुरुङ
उपाध्यक्ष
मनाङ ङिस्याङ गाउँपालिका
१० असार २०७७
हुम्डे, मनाङ